नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

## (जारी मिति: २०७७-०४-२६ गते बिहान ०७ बजे)

**आगामी ३ दिन देशैभरका नदीमा बहाव बढ्ने, नारायणी, तिनाउ, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली र यसका स-साना सहायक नदी लगायत गण्डकी प्रदेश,प्रदेश ५,कर्णाली र सुदुरपश्चिम प्रदेश भई बहने स-साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने भएकोले तटियक्षेत्रमा उच्च सतर्कता अपनाईराखौ ।**

**नदीहरुको हालको अवस्था (Present River Status)**

आज बिहानको मापन अनुसार कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली नदीमा बहाव बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

**बाढी पूर्वानुमान (Flood Forecast)**

**पूर्वानुमान आज : श्रावण-२६ (सोमबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने । **आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने र केही सहायक नदीमा सतर्कता आसपास पुग्न सक्ने ।**
- आज कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने । **आज कन्काई, बागमती, पश्चिम राप्ती,बबईका केही स-साना सहायक नदीमा बहाव बढ्ने र केहिमा आकस्मिक बहाव भई सतर्कता आसपास पुग्न सक्ने ।**
- आज **कान्द्रा,मोहना, खुट्टिया, मछेली, स्याउली,चौधर लगायत बाँके, बर्दिया, डोटी, अछाम, कैलाली, कञ्चनपुर, सुर्खेत, दैलेख,कालिकोट भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र प्रायमा सतर्कता नजिक हुने र केहीमा खतरा पुग्न सक्ने पूर्वानुमान छ ।**
- आज प्रदेश १, बागमती, **गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने ।**

**पूर्वानुमान भोलि: श्रावण-२७ (मंगलबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- भोली कर्णाली ,महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने ।भोलि कोशी, **नारायणी र यसका स-साना सहायक नदीमा बहाव बढ्ने र केहीमा सतर्कता आसपास हुने पूर्वानुमान छ ।**
- भोलि कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाव केहि घटबढ हुने तर सतर्कता भन्दा तलै हुने । **भोलि कन्काई, बागमती, तिनाउ, पश्चिम राप्ती,बबईका केही सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **भोलि प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ ।**

**पूर्वानुमान पर्सी : श्रावण-२८ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- पर्सी कोशी र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । **पर्सी नारायणी, कर्णाली र महाकालीका सहायक नदीमा बहाव बढ्ने र सतर्कता तह भन्दा केही मात्र तल हुने पुर्वानुमान छ ।**
- पर्सी कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाव बढ्ने र सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । **पर्सी तिनाउ, पश्चिम राप्ती, बबईका केही सहायक नदीमा बहाव बढ्ने र सतर्कता तह पुग्ने पूर्वानुमान छ ।**
- पर्सी बागमती,**गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश** को मध्यपहाडी, चुरे र तराई भई बहने स-साना सहायक नदीमा बहाव बढ्ने र सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आगामी ३ दिन देशैभरका प्रमुख र मझौला नदीमा बहाव बढ्ने,कोशी,नारायणी, कर्णाली,महाकाली,कन्काई,कमला,बागमती,तिनाउ, पश्चिम राप्ती, बबईका **केही सहायक नदीमा बहाव सतर्कता आसपास हुन सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध छ।**
- **आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्क रहौ ।**
- आज **कान्द्रा,मोहना, खुट्टिया, मछेली, स्याउली,चौधर लगायत बाँके, बर्दिया, डोटी, अछाम, कैलाली, कञ्चनपुर, सुर्खेत, दैलेख,कालिकोट भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र प्रायमा सतर्कता नजिक हुने र केहीमा खतरा पुग्न सक्ने पूर्वानुमान रहेकोले साना नदीतटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।**

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

**नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ ।**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग

**मौसम पूर्वानुमान बुलेटिन** (Weather Forecast Bulletin)

(जारी मितिः २०७७-०४-२६, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

मनसुनी न्युन चापीय रेखा हाल पश्चिममा नेपाल नजिक दक्षिण तर्फ अवस्थित छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

हाल देशका अधिकांश भू-भागहरुमा सामान्य देखि पूर्ण बदली रहेको छ भने सबै प्रदेशहरुका केही स्थानहरुमा वर्षा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन २६ गते (सोमबार)**

**दिउँसो :** देशभर सामान्य बदली रही देशका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती :** देशका अधिकांश भू-भागमा सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। बागमती प्रदेश , प्रदेश १, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**साउन २७ गते (मंगलवार)**

**दिउँसो :** देशभर **आंशिक देखि** सामान्य बदली रही केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्य बदली रही धैरे स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । बागमती प्रदेश , गण्डकी प्रदेश, प्रदेश नं ५ , कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका धैरे स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**साउन २८ गते (बुधबार)**

**दिउँसो :** देशभर सामान्य बदली रही धैरे स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।। प्रदेश नं ५ , कर्णाली प्रदेश, गण्डकी प्रदेश, र सुदुर पश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**


देशका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्गको सम्भावना रहेको साथै प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका का एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत हुनसक्ने देखिएकोले उक्त स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*

   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*

   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा




*२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)*

*12) Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*

*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।